नेशनल हाईड्रो पावर कम्पनी लि.
National Hydro Power Co. Ltd.

दर्ता नं. १८६/०७८/०७९

मिति : २०७८/११/०२

श्री नेपाल स्टक एक्सचेञ्ज ली.
सिंहरबार, काठमाण्डौ ।

बिषय : शेयरधनी दर्ता किताब बन्द गरि दिने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस कम्पनीको सञ्चालक समितिको मिति २०७८/११/०१ गते आइतबार ५:३० बजे बसेको बैठकको निर्णय अनुसार यस कम्पनीको २५ औं बार्षिक साधारण सभा मिति २०७८/११/३० गते अनलाइन मार्फत तपसिलमा उल्लेखित छलफल गर्ने निर्णय भएको हुदा उक्त साधारण सभा प्रयोजनको लागि यस कम्पनीको शेयरधनीहरुको दर्ता किताब मिति २०७८/११/१३ गते बन्द गर्ने निर्णय भएको हुनाले सोही अनुसार दर्ता किताब बन्द गरि दिन अनुरोध गर्दछौ ।

तपसिल

**छलफलका बिषयहरु**

**क. साधारण प्रस्ताब :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको आ. ब. २०७७/०७८ को बार्षिक प्रतिबेदन उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

२. लेखापरिक्षकको प्रतिबेदन सहित आर्थिक बर्ष २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब र सोही अबधिको नगद प्रबाह बिबरणसँग सम्बन्धित अनूसूचिहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।

३. आ. ब. २०७८/०७९ को लागि लेखापरिक्षक नियुक्ती गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४. सञ्चालक समितिमा ७ (सात) जना सञ्चालकको निर्बाचन गर्ने सम्बन्धमा ।

**ख. बिशेष प्रस्ताब :**

१. नेशनल हाइड्रो पावर कम्पनी लि. ले सुनकोशि हाइड्रो पावर कम्पनि लि. लाई प्राप्त/ग्रहण गर्ने सम्बन्धमा

(क) यस नेशनल हाइड्रो पावर कम्पनी लि. ले सुनकोशि हाइड्रो पावर कम्पनि लि. को १०० कित्ता शेयर बराबर सुनकोशी हाइड्रोपावर कं ली. को शेयर धनिलाई नेशनल हाइड्रो पावर



P.O. Box No.: 6518, Binayanagar marga, New Baneshwor-10, Kathmandu, Nepal, Tel: 01-5172683, 5172683, Email: info@nhpcl.com

कम्पनि लि.को २५ कित्ता (१:०.२५) शेयर प्रदान गरि सुनकोशी हाइड्रोपावर कं ली. प्राप्ति/ग्रहण (Acquire) गर्नको लागि स्विकृति प्रदान गर्ने सम्बन्धमा ।

(ख) सुनकोशि हाइड्रो पावर कम्पनि लि. लाई यस कम्पनिले प्राप्ति/ग्रहण (Acquire) गर्ने सम्बन्धमा भएको सम्पत्ति तथा दायित्वको मुल्याङ्कन, परामर्श दाता तथा मुल्याङ्कनकर्ताको नियुक्ती, सम्पत्ति र दायित्व तथा कारोबारको मुल्याङ्कन प्रतिवेदन (Due Diligence Report), समभ्रदारी पत्र ( Memorandum of Understanding) लगायतका सम्पूर्ण काम कारवाहिलाई अनुमोदन गर्ने सम्बन्धमा ।

(ग) विशेष प्रस्ताव (१.क र १.ख) बमोजिम सुनकोशि हाइड्रो पावर कम्पनि लि. प्राप्ति गरे पश्चात यस कम्पनिको पूँजी वृद्धि हुने भएकोले सोहि बमोजिम कम्पनिको प्रबन्ध पत्र तथा नियमावलि संशोधन गर्न स्विकृती प्रदान गर्ने सम्बन्धमा ।

२. आ. व. २०७७/०७८ को खुद मुनाफावाट हाल कायम रहेको शेयर संख्या १,३८,७४,३३२ मध्ये Calls in arrears रहेको संख्या बाहेक कायम हुन आउने जम्मा शेयर संख्या १,३८,५१,८६२ (नेप्सेमा सूचीकृत) को चुक्त पूँजी रकम रु १,३८,५१,८६,२०० को १९.५% ( उन्नाइस दशमलव पाँच प्रतिशत, बोनस शेयर, तथा नगद लाभांश कर प्रयोजनाको लागि समेत) का दरले हुन आउने रु. २७,०१,११,३०९ (सत्ताइस करोड एक लाख एघार हजार तीन सय नौ मात्र) वरावरको लाभांश वितरण गर्ने र उक्त जारी गरिने लाभांश मध्ये १८.५२५ % बापत हुन आउने रु २५,६६,०५,७४३.५५ (पच्चिस करोड छैसट्ठि लाख पाँच हजार सात शय त्रिचालिस र पचपन्न पैसा मात्र) बोनस शेयर र कर प्रयोजनाको लागि ०.९७५%, बापत हुन आउने १,३५,०५,५६५.४५(एक करोड पैंतिस लाख पाँच हजार पाँच सय पैसट्ठि र पैंतालिस पैसा मात्र) कर बापत, नगद लाभांश बितरण गर्न स्विकृति प्रदान गर्ने सम्बन्धमा ।

३. बोनश शेयर बितरण पश्चात कायम हुने चुक्ता पूँजी को ५० प्रतिशत (अर्थात १०:५ को अनुपातमा) हकप्रद शेयर जारी गर्न स्विकृति प्रदान गर्ने सम्बन्धमा ।

४. हकप्रद शेयरको कारणले कम्पनीको प्रबन्धपत्रमा पूँजी बृद्धि गर्ने सन्दर्भमा नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि बिषयमा संसोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्न कुनै निर्देशन प्राप्त भएमा सो कार्यहरु गर्न संचालक समिति (वा संचालक समितिले तोकेको ब्यक्ति) लाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।



P.O. Box No.: 6518, Binayanagar marga, New Baneshwor-10, Kathmandu, Nepal, Tel: 01-5172683, 5172683, Email: info@nhpcl.com

५. हकप्रद शेयरको कारणले कम्पनीको प्रबन्धपत्रमा पूँजी बृद्धि गर्ने सन्दर्भमा तथा साधारण सभाबाट प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्वधमा भएका निर्णयहरु उपर नियमनकारी निकाय वा अन्य कुनै कार्यालयहरुबाट कुनै पनि बिषयमा संशोधन, परिमार्जन, थपघट वा परिवर्तन गर्न निर्देशन प्राप्त भएमा सो कार्यहरु गर्न संचालक समिति (वा संचालक समितिले तोकेको व्यक्ति) लाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

ग. **बिबिध**

**भबदिय,**

.........

सन्जीब कुमार लामा
कम्पनी सचिब



P.O. Box No.: 6518, Binayanagar marga, New Baneshwor-10, Kathmandu, Nepal, Tel: 01-5172683, 5172683, Email: info@nhpcl.com



. (हाल चाँगुनारायण-४) वडा नं. ७
दृष्टिबन्धक धितो राखी

## ारी संस्था लिमिटेड

## Co-Operative Ltd.

Nepal
678

## ंटहरी

मा प्रकाशित सूचना नं. 06/RDHKR/078-
पत्रहरु मध्ये निम्नलिखित बोलपत्रदाताका
फा २७(२) बमोजिम सम्बन्धित सबैको

| ोलपत्रदाताको नाम | कबोल अंक रु. (भ्याट समेत) |
| --- | --- |
| Adarsha Nirman Pvt. Ltd., Kathmandu | 137,803,402.82 |

डिभिजन प्रमुख

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

### वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु

२५औं वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०७८/११/१३ गते (एक दिन) शेयर कारोबार बन्द रहने छ।
१. २५औं वार्षिक साधारणसभा तथा बोनस शेयर प्रयोजनको लागि २०७८/११/१२ गते सम्म नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा
२. कारोबार भई ३ कार्य दिन भित्र दाखिल खारेज तथा नामसारीका लागि प्राप्त शेयरहरुबाट कायम रहेका शेयरधनीहरु वार्षिक
सभामा भाग लिनका लागि योग्य हुनेछन्।
३. लेखापरिक्षकको प्रतिवेदन सहित कम्पनीको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, कम्पनीको ऐन २०६३ को
दफा ७८ बमोजिमको प्रतिवेदन समेतका कागजातहरु निरिक्षण गर्न तथा प्रतिलिपी आवश्यक भएमा कार्यालय समय भित्र कम्पनीको
कार्यालय बिनायकनगर, नयाँ बानेश्वर, काठमाडौंमा सम्पर्क राख्न सकिने ब्यहोरा अनुरोध छ।
४. विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट
जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवम् मापदण्डहरुको सम्मान एवम् परिपालन गर्दै अनलाईन (भर्चुअल) Zoom Cloud
Meetings को माध्यमबाट सभामा सहभागी हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न सक्ने ब्यवस्था मिलाइएको छ। कोरोना
भाइरस (Covid-19) को संक्रमणबाट बच्न र बचाउन अनलाइन भर्चुअल (Zoom) माध्यमबाट उपस्थित हुन शेयरधनी
महानुभावहरूलाई जानकारी गराइन्छ। सभामा सहभागी हुनका लागि Meeting ID: 806 756 5022 र Passcode: national
रहेको छ।
५. भर्चुअल (Zoom) माध्यमबाट उपस्थित हुनु हुने शेयरधनी महानुभावहरूलाई सभा स्थलमा उपस्थित भए सरह मान्यता दिइने छ।
सभामा आफ्नो राय सुझाव इमेल मार्फत पनि दिन सक्ने ब्यवस्था मिलाइएको छ। सभामा मन्तव्य राख्न चाहनु हुने शेयरधनी
महानुभावले बढिमा ३ मिनेटसम्मको आफ्नो मन्तव्य लिखित रुपमा कम्पनी सचिवलाई इमेल ठेगाना ad.lamasanjib@gmail.com
वा मोबाइल नं. ९८५११४०८०५ को WhatsApp मार्फत बुझाउनु पर्नेछ।
६. सभामा आफै उपस्थित हुन नसक्ने शेयरधनीले सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा सो सम्बन्धी निवेदन
सभा शुरु हुनु भन्दा ९६ घण्टा अगावै अर्थात मिति २०७८ साल फाल्गुण २५ गते बिहान १०:०० बजे भित्र प्रतिनिधि पत्र कम्पनीको
कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनी कानून बमोजिम यस कम्पनीले तोकेको ढाँचाको प्रतिनिधि पत्र सिधै कम्पनीबाट वा
यस कम्पनीको वेबसाइट (www.nhpcl.com) बाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ। भौतिक वा विद्युतीय दुवै माध्यमबाट
प्राप्त प्रोक्सी स्वीकार्य हुनेछ। कम्पनीको शेयरधनी बाहेक अन्यलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन।
७. सभा शुरु हुनु भन्दा ३० मिनेट अगावै अनलाइन भर्चुअल माध्यम (Zoom Cloud Meeting) खुल्ला गरिने छ।
८. प्रतिनिधि पत्रबाट मतदान गर्ने शेयरधनीले कुल बिक्री भएको शेयरको १५ प्रतिशत भन्दा बढि प्रोक्सी दर्ता गरेको भएमा पनि १५
प्रतिशत भन्दा बढि मतको गन्ती गरिने छैन।
९. एक जना शेयरधनीले एक भन्दा बढि ब्यक्ति (शेयरधनी) लाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा सबै प्रतिनिधि (प्रोक्सी) स्वतः
बदर हुनेछ।
१०. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा केही शेयर आफैसँग बाँकी राखि आफु समेत साधारणसभामा उपस्थित हुन पाउने उद्देश्यले आंशिक
शेयरको प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न पाइने छैन। अर्थात, सम्पूर्ण शेयरको लागि एकै ब्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त
गर्नु पर्दछ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्ने शेयरधनी सभामा स्वयम् उपस्थित हुनु भएमा नियुक्त गरिएको प्रतिनिधि (प्रोक्सी)
स्वतः बदर हुन्छ। एक भन्दा बढि ब्यक्तिलाई आधा आधा वा अरु कुनै किसिमबाट छुट्याएर प्रोक्सी दिइएमा समेत उक्त प्रतिनिधि
(प्रोक्सी) हरु बदर हुनेछन।
११. प्रतिनिधि पत्र (प्रोक्सी) सम्बन्धी अन्य ब्यवस्थाका बारेमा जानकारी आवश्यक परेमा कार्यालय समय भित्र यस कम्पनीको रजिष्टर्ड
कार्यालय, बिनायकनगर नयाँ बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ।
१२. नाबालक वा अशक्त/बिक्षिप्त शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयर लगत कितावमा संरक्षकको रुपमा नाम दर्ता भएको
ब्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ।
१३. एक भन्दा बढि ब्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्बसम्मतबाट प्रतिनिधि चयन गरिएको एक जनाले मात्र
वा लगत किताबमा पहिलो नाम उल्लेख भएको ब्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ। कुनै संगठित संस्था वा कम्पनीले शेयर
खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन
सक्नु हुनेछ।
१४. साधारणसभा सम्बन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको कार्यालय का.जि.का.म.न.पा. वडा नं.
१०, बिनायक नगर, बानेश्वरमा सम्पर्क राख्न अनुरोध गरिन्छ।
१५. सञ्चालक निर्वाचन सम्बन्धी विस्तृत कार्यक्रम निर्वाचन अधिकृतको कार्यालय, यस कम्पनीको रजिष्टर्ड कार्यालय, बिनायकनगर,
नयाँ बानेश्वरमा पछि प्रकाशित भए बमोजिम हुनेछ। थप जानकारी लागि कम्पनीको वेबसाइट (www.nhpcl.com) तथा
कार्यालयको समयमा सम्पर्क राख्न अनुरोध गरिन्छ।